# गोर्खाली सुधार सभा

मासिक समाचार पत्र

17 अप्रैल 1938

सितम्बर-अक्टूबर 2020 (संयुक्तांक) मूल्य 9/- पृष्ठ 12

वर्ष -49 अंक-20-21




शिष्टाचार भेट, मे.ज. आर.एस. ठाकुर उत्तराखण्ड सब एरिया सित, गोर्खाली सुधार सभाको अध्यक्ष श्री पदम थापा अनि पदाधिकारी

# सभाको गतिविधि




76वां शहीद मेजर दुर्गा मल्ल
बलिदान दिवसको उपलक्षमा मा.
मुख्यमंत्री संग श्री पदम सिंह थापा
अध्यक्ष गो.सु.स., श्री टी.डी. भूटिया
राज्यमंत्री अनि विधायक
श्री गणेश जोशीज्यू

25 Aug 2020.



ले.ज. शक्ति गुरूंग PVSM, UYSM, AVSM, VSM गोर्खा समुदायलाई Schedule Tribe मा गाभ्ने सरकारको प्रस्ताव माथि आफ्नो विचार र सुझाव उपस्थित महानुभाव समक्ष राख्नु हुँदै।



अन्तरंग सभालाई सम्बोधन गर्दै
श्री पदम सिंह थापा अध्यक्ष
गोर्खाली सुधार सभा।

17 अप्रैल 1938

**गोर्खाली सुधार सभा**

**वर्ष -49 अंक-20-21**

**सितम्बर-अक्टूबर 2020**

**(संयुक्तांक)**

**सम्पादक**

**कर्नल जीवन कुमार क्षेत्री**

**विशेष सहयोग**

**श्रीमती प्रभा शाह**

**स्वामी/मुद्रक/प्रकाशक**

**अध्यक्ष**

**गोर्खाली सुधार सभा**

**मुख्य कार्यालय**

**गोर्खाली सुधार सभा**

**परमवीर चक्र ले. क.धनसिंह थापा मार्ग**

**गढ़ी कैन्ट, देहरादून**

**फोन:0135-2756070**

**9897440879**

**वितरक**

**सभा शाखाध्यक्षहरू**

**डिजाइनिंग टाइप सेटिंग**

**विमला थापा**

**मार्डन कम्प्यूटर, चकराता रोड, देहरादून**


**प्रकाशन कार्यालय**

**भाष्कर प्रेस, कचहरी मार्ग**

**देहरादून, उत्तराखण्ड**

नोट : पत्रिकामा प्रकाशित लेखहरूकोलागि सम्पादक मण्डल एवं प्रेसको सहमति हुन आवश्यक छैन। समस्त विवादहरूको न्यायालय क्षेत्र देहरादून हुने छ।

# अध्यक्षको कलमबाट



श्री पदम सिंह थापा

विश्वव्यापी कोविड-19 को महामारीले विश्वको व्यवस्थालाई चर्मराई दियो। आर्थिक, सामाजिक, स्वस्थ, शिक्षा, उद्योग, संगठानिक प्रणाली इत्यादि यसको चपेटमा प्राय निष्क्रिय नैं रहयो झण्डै सात आठ महिना सम्म। गोर्खाली सुधारसभा पनि यो सित अछुत थिएन। यद्यपि, सभाको कोशिष कोविद सम्बन्धित निर्देशहरूलाई पालन गर्दै सामाजिक कार्यहरूलाई अघि बड़ाइ नै रहयौ। मुख्यत: गरिब असहायहरूमा मदत पुर्‌राउन। यसको प्रभाव प्रत्यक्ष रूपमा पर्यो सभाको पदाधिकारीको कार्यकारिणीको चुनाव। वर्तमान कार्यकारिणी को अवधि तीन वर्षको सेवाकाल पछि गत जुलाई महिनामा सिद्धियो। यसको मध्य नजर सभाकै संविधान अनुसार वर्तमान कार्यकारिणीको अवधि एक वर्षको निम्ति बड़ाइयो। यसर्थ यो आउने एक वर्षको निम्ति यस कार्यकारिणीले कम्मरकसि सभाको यात्रालाई सकुशल अघि बड़ाउँदै लग्नुको निम्ति दृढ़संकल्प तथा प्रण लिएका छन। गत तीन वर्षको लेखाजोखा चुनाव परिणाम बाट थाहालाग्ने थियो। समाजलाई विश्वास छ समुदायको सकारात्मक सोंच र समर्थन को कारण नै यो अवधि बड़ेको हो। सभा विश्वास दिलाउंछ हाम्रो समाजलाई, वर्तमान कार्यकारिणी सक्रिय रहनेछ निष्पक्ष रहने छ। समाजको हर मुद्दाहरूलाई संवैधानिक आधार, वर्तमान परिवेश तथा जनताको आकांक्षाहरूलाई साथमा लिएर अघाड़ि बड़ने छ। सभाको उद्देश्य अनि समाजको आवश्यकता हाम्रो निम्ति मार्गदर्शन बन्ने छ। सभा-समाजको हो। सभाको सफलता समाजको योगदान अनि समर्थन माथि छ। आवश्यक छ हामी एउटा संस्थाको रूपमा सभालाई मानौं। समाजको अन्य विभिन्न संस्था, समाज अनि संगठन नै गोर्खाली सुधार सभाको स्तम्भ हुन। समाजको निम्ति यी सभा, संस्था अनि संगठनहरू महत्वपूर्ण छ। त्यस्तै गोर्खाली सुधार सभाको निम्ति पनि महत्वपूर्ण छ। 82 वर्षको यात्रामा लागी सकेको जाती/ समाजको यो सभा एउटा पुरानो संस्था हो। सायदै देहरादूनमा यति पुरानो संस्था अन्य समुदायको होला। यस सभाको गौरवपूर्ण गरिमालाई अघि बडाँऊ, सभाको इतिहासमा नयाँ अध्याय जोड़ौं जुन अध्यायले यहाँको गोर्खाहरू गौरवान्तिन बन्न सकुन्। यसको निम्ति सबैले आफनो विचार आफनो चिन्तन ज्ञान अनि अनुभव जताएर एक निष्कर्षमा पुगौ। यो निष्कर्ष ऐतिहासिक होस् जस्ले हामीलाई एक सूत्रमा बाँधी हाम्रो अस्तित्वको बोध दिलाओस, देशको अन्य नागरिक जस्तै सुदृढ़ बन्नसकौं, हामी अनुकरणीय बनौंस।

**शुभकामना**


**हाम्रो महान त्यौहार औंसी (दीपावली) अनि भाई टिकाको शुभउपलक्षमा हार्दिक मंगलमय शुभकामना, सुख समृद्धि, अनि चेलि माइतीको अटुट अनि पवित्र सम्बन्धको निम्ति ईश्वर सित हार्दिक कामना चढ़ाउँद छौं।**

**शुभेच्छुक**

**अध्यक्ष अनि सम्पूर्ण पदाधिकारी एवं कार्यकारिणी**

**गोर्खाली सुधार सभा**

# महामंत्रीको कलमबाट



श्री गोपाल क्षेत्री

आठ महिना लागि सकेछ हामी सक्रिय भएर साक्षात रूपमा काम गर्न नसकेकौ। यद्यपि कोविद प्रति सरकार द्वारा प्राप्त निर्देश, प्रतिबन्द आदिको पालन गर्दै सभाको कामलाई गति दिइ नैं रहेको छौं, चाहे सुक्ष्म रूपमा नै किन नहोस्। अनलॉक प्रक्रिया शुरू हुने साथ सरकार द्वारा दिएको निर्देश। SOP सबैलाई पालन गर्दे कोविदको चुनौतीलाई अवसरमा बदलने सक्यौं। नियमित रूपमा मनाउने अथवा आयोजित हुवे न बैठक, समारोहहरू पनि मनायौं चाहे सूक्ष्म रूपमा नै किन नहोस्। टाड़ा-टाड़ा का शाखाहरू सित virtual meeting द्वारा सम्पर्कमा रहेर जानकारी, सूचना आदिको आदान प्रदान चलि नैं रहयो। लॉकडाउनको समयमा आएका आपत्तिहरूलाई पनि सुचारूरूपले निपटन सक्यौ। आर्थिक रूपले कमजोर परिवारमा खाद्यय सामग्री स्वच्छता सित जोड़िएका सामाग्री पुरयाउनमा केहि कमि राख्यौन। समाज सम्बन्धित कार्यक्रमहरूको निम्ति सभाको सहयोग अनि समर्थन पनि पुरायौ, नेपाली भाषा मान्यता दिवस समारोह (भारतीय गोर्खा परिसंघ) शहीद मेजर दुर्गामल्ल बलिदान दिवस (उत्तराखण्ड राज्य नेपाली भाषा समिति) भानु जयंती हाम्रो दैशै उत्सव सुचारू रूपले मनाउनु सक्यौं। गोर्खाली समुदायले Schedule Tribe (ST) मा गाभने सरकारको विचार/प्रस्तावको चिन्तन-मंथनको पनि आयोजन गरयौं जस्मा समाजका दिग्गज महानुभव तथा समाज सभा संस्था अनि संगठनको शिर्ष पदाधिकारीहरू (अध्यक्ष, सचिव) को उपस्थिती थियो। प्राय: पूर्णरूपले अनलॉकको प्रक्रिया शुरू हुन लागि सकेको छ) समाजले निम्न विषयहरूमा ध्यान दिएर कोविद-19 को महामारी देखि बाँच्ने प्रक्रियाहरूलाई नजर अन्दाज न गर्नु होला ज्यान छ, त जहान छ यो भुल्न हुंदैन। सरकारद्वारा जारी निर्देशनलाई सर्वोपरि मानी यसलाई पालन गरौं। फेस मास्क हाम्रो पहिरनको अभिन्न अंग भइ सकेको छ, सामाजिक दूरी आवश्यकता हो, प्रतिबंध होइन, सामाजिक आयोजन, (Community Celebration) सामाजिक दूरी अनि कम संख्या राखौ। जति सक्दो बजार, जमघट नचाहिन्दो समारोह आयोजन प्रति जोड़ नदिउँ। यसैमा हाम्रो भलाई छ, चाहे व्यक्तिको होस या समाजको यो हामी सबैको निम्ति हो। वर्तमान कार्यकारिणिको अवधि एक वर्ष बड़ेको छ कारण चुनाव प्रक्रिया हुन सकेन। सभा कटिबद्ध छ समाजको यात्रालाई सकुशल अघि बड़ाउन। यसको सफलता समुदायको हरेक सदस्यको, सभा, संस्था, संगठनको सहयोग अनि समर्थन माथि छ। हामीलाई विश्वास छ हुजुरहरू माथि।

## अखिल भारतीय गोर्खा पुर्व सैनिक उज्ज्वल भविष्य कोष बार्षिक अधिवेशन 2019-2020

अखिल भारतीय गोर्खा पुर्व सैनिक उज्ज्वल भविष्य कोषको बार्षिक अधिवेशन (आम सभा) को आयोजन 25 दिस्मबर 2020 समय प्रात: 10:30बजे गोर्खाली सुधार सभा, गढि कैन्ट देहरादुनमा हुने छ। निम्न बिषयहरुमा बिचार, विमर्श तथा सुझावहरुमा केन्द्रीत छ:-

क) गत बर्षको कार्यको समीक्षा

ख) 2019-2020 को छात्रवृत्ति बिवरण

ग) उपस्थित सम्मानित महानुभवहरु भूतपूर्व तथा वर्तमान छात्रवृत्ति पाउने र अभिभावक द्वारा सुझाव तथा निर्णय

घ) अन्य बिषय,अध्यक्षको अनुमति पश्चात।

सबै महानुभव जो युवाहरुको प्रगति प्रति समर्पित छन, दानदाता,अभिभावक तथा भूतपुर्व र वर्तमान छात्र- छात्राहरुलाई उपस्थितिको निम्ति हार्दिक अनुरोध छ।

**जनरल सेक्रेटेरी**
**अखिल भारतीय गोर्खा पुर्व**
**सैनिक उज्ज्वल भविष्य कोष**

# सम्पादकीय

स्वतंत्र भारतको इतिहास सायदै यस्तो समय आयो होला जो केहि सानो अवधि भित्र धेरै किसिमको समस्या, चुनौती एक साथ आएर हामीलाई हलचल्याई दियो होला। वैश्विक महामारी, प्राकृतिक आपदा (बाढ़, भुस्खलन, चक्रवती तुफान) सिमा मा सैनिक तनाव इत्यादि। वैश्विक महामारी देखि बाँच्नुको निम्ति (सावधानी रूपमा) लॉकडाउनको प्रक्रिया शुरू गरियो। यस प्रक्रिया सायद सार्थक साबित हुन्थ्यो होला महामारीको प्रभावलाई नियंत्रणमा राख्नु। तर लॉकडाउनको कारणले ल्याइदिएको समस्याहरू जस्तै आर्थिक मन्दी, बेरोजगारी, औद्योगिक संस्थाहरू बन्द हुनु, जस्मा कृषि, यातायात, व्यापार आदि सामेल छ। सरकार बाध्य थियो लॉकडाउनलाई ढिल दिनु। ढिल लॉकडाउन शुरू भएको दोस्रो चरण देखि नै आंशिक रूपमा शुरू गर्नु बाध्य हुनु परेको थियो। यो ढिल (अनलॉकको प्रक्रिया) को अर्थ कोरोनाको प्रकोप कम भएको भन्ने थिएन। तर हामी नागरिक अन्जान थियौ, अटेरी थियौ या त सरकारको प्रयास प्रति संवेदनशिल थिएनौ। कम संख्यामा भए पनि बेसी कारवाईमा सक्रिय हुन थाल्यौ। क्षेत्रिय प्रशासनको हर किस्मको सख्ताई अनि प्रयास सित पनि हामीले वैश्विक महामारीलाई गम्भिरता संग लिएनौ। त्यसै समय दूर राज्य बाट लाखौं प्रवासी मजदूरहरूका पलायन, कालेज, संस्थाको, छात्र, छात्राहरूको पलायनले यस वैश्विक महामारीलाई फैलिने अवसर दियौं। सक्रिय बन्दोबस्त हर राज्य, क्षेत्रमा भएता पनि हामीमा सोंच थिएन, जो सकारात्मक र सार्थक हुनु पर्थ्यो। जस्को कारण आज सात महिनामा पछि पनि पीड़ित रोगीहरूको संख्या बढ़ि रहेको छ त्यो पनि अनुमान लगाइएको आँकड़ा भन्द धेरै बेसो। जाति हुने बीमारहरूको संख्या मृत संख्या भन्दा बेसी एक सकारात्मक परिणाम हो यद्यपि मृत संख्या को आंकड़ा को अनुमान कम नैं थियो। सरकारले, उपाचार, टेस्ट रोकथामको भर सक्दो प्रयास नगरेको होइन, तर हाम्रो गम्भीरताको कमिको कारण नै हो यस महामारीलाई अनुमान लगाए जस्तो नियंत्रण हुन असफल रहेको छ। सरकारले सक्ष्मता , दूरदर्शिता, अनि संकल्प सित हरेक चुनौतिलाई सामना गर्दै आयी रहेको छ। चाहे त्यो श्रमिक पलायनहोस सीमा विवाद/तनाव होस या प्राकृतिक आपदा होस। हाम्रो योगदान नै हाम्रो समस्याको समाधान हो। हामी एक व्यक्तिको रूपमा नै, गंभिर भएर, यो महामारीको विरूद्ध सावधान रहयौ भने, देशको हरेक व्यक्तिको यो योगदान, देशको मजबूती, देशको विकासमा एउटा ठूलो भूमिका हुने छ। साधारण कदम हामीले उठाउन पर्ने– 'मास्क बिना घर बाट बाहिर ननिस्कौ, अति जरूरी परेमात्र बाहिर निस्कौं, हात मुख हर समय साफ राखौं, सामाजिक दूरी बनाएर राखौं, नचहिन्दो सभा भीड़ त्यागौं, धार्मिक समारोह एक परिवार रूपमा मनाऔं न कि सामुदायिक आयोजन। अस्पताल अति जरूरत परे मात्र जाऔं। यो सब निदेर्शलाई दिनचार्या बनाऔ। हामी सफल हुने छौ, स्वच्छ अनि स्वस्थता एउटा उपलब्धि हुने छ।

–सम्पादक

# 04 सितम्बर 2020 अंतरंग सभा (जूम द्वारा विडियो बैठक)

1. विगत महिनाहरू मार्च, अप्रैल, मई, जून, जुलाई र अगस्त 2020 को पश्चात् कोरोना महामारी समयमा 04 सितम्बर 2020 मा माननीय अध्यक्ष श्री पदम सिंह थापाज्यूको अध्यक्षतामा जूम द्वारा विडियो अंतरंग सभा आयोजन भयो। अंतरंग सभाको ब्योराहरू यस-प्रकारले छ।

क) स्वागत सम्बोधन- माननीय अध्यक्षज्यूले सभामा प्रत्यक्ष उपस्थित तथा जूममा सम्मिलित हुनु भएको शाखाध्यक्ष कार्यकारिणी तथा अन्य महानुभाव हरूको सहर्ष अभिनन्दन गर्नु भयो साथै सबैको सुख स्वास्थ्यको कामना पनि गर्नु भयो।

ख) उपस्थित महानुभावहरूले विगत माहहरूमा समुदायका दिवंगत हुनु भएको सदस्यहरू प्रति आत्मा शान्ति प्रार्थना तथा परिवारलाई दुःख सहने शक्ति ईश्वरले प्रदान गरून् भनि कामना पनि गर्नु भयो।

ग) सभाको एजेण्डाहरू :

I) सभामा वर्तमान कार्यकारिणीको 1 वर्ष कार्यकाल वृद्धि

II) विगत 07 माहको आय व्ययको वितरण र समपुष्टि

III) पूर्वका उपलब्धि तथा योजनाहरू

IV) अन्य अध्यक्षज्यू द्वारा

2. माननीय अध्यक्षज्यूले पछिलो माह फरवरी, मार्च, अप्रैल, मई, जून, जुलाई तथा अगस्त 2020 माहहरूको आय तथा व्ययको ब्योरा जूम द्वारा सभामा प्रस्तुत गर्नु भयो तथा सभाले सम्पुष्टि दियो।

3. महामारी वैश्विक महामारीको कारण सविधान (5ञ) को अनुसार 1 वर्ष कार्यकाल वृद्धि भएको सूचनाहरू सम्बन्धित कार्यालय हरूमा दिएको छ।

4. अखिल भारतीय उज्जवल भविष्य कोष समिति तथा AIGEWA को बीच सामंजस्यको साथ विशेष बैठक आयोजन गरि अदालत देखि बाहिर आपसी सहमति लिएर समुदायहित लागी मिल्ने भनी सामूहिक निर्णय भयो।

5. I) गोर्खा मिलट्री इण्टर कॉलेजको लीज एग्रीमेन्ट बढ़ाउनु निम्ति माननीय मुख्यमंत्री उत्तराखण्ड तथा माननीय रक्षामंत्री भारत सरकारलाई पत्र पठाएको छ।

II) गोरखा रेजिमेन्ट सेन्टरमा अक्टूबर/नवम्बर माहको भर्तीको सूचना प्राप्त भएको छ।

III) श्री मोहन लाल थापाज्यूलाई भवन खाली गर्नु निम्ति पत्र पठाएको छ।

IV) सभाका कार्यहरू बारे सदस्यहरूले बिना विवेकले प्रश्न चिन्ह गर्ने तथा भ्रामक वक्तव्यहरू दिएर समुदाय आहत हुनु जान्छ यस प्रकारको कार्य नगर्ने भन्नु भयो।

V) आगामी हाम्रो दशैंको कार्यक्रम ठूलो प्रकारले नगरी सूक्ष्म रूपमा सभा भित्र गर्ने हो।

VI) आधार कार्ड कार्यालयलाई स्थानान्तरित गरेको छ।

VII) उपनिबन्धक कार्यालयले नियमावली 2016 को बारे तथा पूर्वको विसंगति निम्ती 4300/- रूपमा जमा गर्न पत्र प्राप्त भएको छ।

VIII) 25 अगस्त 2020मा शहीद मेजर दुर्गामल्लज्यूको 76वां श्रद्धांजलि दिवस दुर्गा मल्ल पार्क गढ़ी कैन्टमा माननीय मुख्यमंत्री तथा क्षेत्रीय विधायक तथा अन्य गणमान्य हरूको उपस्थितिमा सम्पन्न भयो।

IX) सभा द्वारा अत्यंत गरीब परिवार हरूलाई आर्थिक सहायताको संख्याहरूमा वृद्धि भएको छ। यो कोरोना कालमा विशेष आवश्यकता भये मात्र सिफारिश पठाउनु होला।

X) मासिक पत्रिका हरू अतरंग सभा न हुनाले प्रकाशनमा आउनु सकेको छैन। कोराना माथि पुर्णरूपले भए पछि सभाको सभामा चल्ने सबै कार्यहरू शुरू हुने छ साथै सभाको पत्रिका पनि नियमित रूपले प्रकाशनमा आउने छ।

XI) श्री दीपक सिंह भण्डारी कोषाध्यक्ष महोदयको कोरोना पूर्व देखि लामो बिमारीले गर्दा श्री प्रदीप क्षेत्रीज्यू पूर्व सैनिक एवं कोष सम्बंधी अनुभवले उहांलाई राख्ने भनी तथा अतरंग सभाले सम्पुष्टि दियो।

6. अंतमा सबै प्रत्यक्ष तथा जूममा सम्मिलित महानुभावहरूलाई अंतरंग सभा सौहार्दपूर्वले सम्पन्नको निम्ति अध्यक्षज्यूले धन्यवाद टक्राउनु भयो र कोरोना काल (वैश्विक महामारी) सबै सदस्यहरूले आफ्नो तथा परिवारको स्वास्थ्य प्रति निदेशहरूको पालन गर्ने अनुरोध गर्नु भयो, अंतरंग सभामा यसै प्रकारका सहयोग प्रति आशा तथा अंतरंग सभाको समाप्तिको घोषणा गर्नु भयो।

# 10 अक्टूबर 2020 अंतरंग सभाको प्रमुख विवरण

गत महिनाको अंतरंग सभा गोर्खाली सुधार सभाको जनरल मानेकशाँ सभागारमा दिनांक 04 सितम्बर 2020 विहान 11 बजे माननीय अध्यक्ष श्री पदम सिंह थापाज्यूको अध्यक्षतामा सम्पन्न भयो। अंतरंग सभाका प्रमुख वितरण यस प्रकार छे:-

स्वागत सम्बोधन- महामंत्री श्री गोपाल क्षेत्रीज्यूले अंतरंग सभामा उपस्थित शाखाध्यक्ष, केन्द्रीय कार्यकारिणी र अन्य सबै महानुभावहरूको सहर्ष अभिनन्दन जनाउनु भयो।

दिवंगत प्रति श्रद्धान्जली- विगत माहमा दिवंगत हुनु भएका सदस्यहरूको आत्मा शान्ति तथा उहांको परिवारले दु:ख सहने शक्ति प्राप्त होस भनी दुई मिनटको मौन प्रार्थना गरियो । दिवंगतहरूको सूचि निम्न प्रकारले छ:-

| | | |
|---|---|---|
| I) | श्री अमर बहादुर थापा | सेवली शाखा |
| II) | श्री अमर सिंह खत्री | जाखन |
| III) | श्रीमती सीता राई | चन्द्रबनी |
| IV) | श्री पूरन थापा | केदारपुर |
| V) | श्री अशोक कुमार प्रधान | अनारवाला |
| VI) | श्रीमती पनमती थापा | पंडितवाड़ी |
| VII) | श्री दधीराम चालिसे | पंडितवाड़ी |
| VIII) | श्रीमती आशा राई | विकासनगर |
| IX) | कर्नल दीपक गुरूंग | ,, |
| X) | श्री एन.एस. मल्ल पिता कुणाल शमशेर मल्ल | ,, |

आय-व्ययको सम्पुष्टि-कोषाध्यक्ष श्री प्रदीप क्षेत्रीज्यूले गत् सितम्बर माहको आय-व्ययको विवरण अंतरंग सभा समक्ष प्रस्तुत गर्नु भयो र सभाले सम्पुष्टि दियो।

**अंतरंग सभाका एजेण्डाहरू-**

I) केन्द्रमा वर्ष 2020 को AGM (वार्षिक अधिवेशन 2020) बारे छल-फल

II) शाखाहरूको विगत माहहरूको उपलब्धि बारे छल-फल

III) शाखामा पूर्व नियोजित अनुरूप AGM (वार्षिक अधिवेशन 2020 पुन: निश्चित गर्नु बारे छल-फल)।

**उपस्थित महानुभावहरूको सुझाव-**

I) श्री हरकबहादुर थापा शाखाध्यक्ष सेवली- विगत वर्ष र यो वर्ष सेना भर्ती अभियान चलेको छैन। वरिष्ठ गोरखा सैन्य अधिकारी हरूले यस विषय बारे सेन्टर कमाण्डेट तथा सेना मुख्यालयमा विचार विमर्श तथा पत्र व्यवहार गरि दिए युवाहरूको भविष्य सुनिश्चित हुने थियो भनी सुझाव दिनु भयो।

II) श्री शमशेर थापा शाखाध्यक्ष जैतनवाला- भर्ती हुने अभ्यर्थीहरूको जरूरत पर्ने कागजहरूका धेरै कमी हुन्छ, हामी हरूले जांच गरेर मात्र पठाए बच्चाहरूलाई बीचमा फर्कनु पर्दैन भनी भन्नु भयो।

III) श्री ललित थापा शाखाध्यक्ष मोहबेवाला - धैरे नानीहरूको सक्षम पनी उहांहरूको सिफारिश पत्र न भये पनि फर्की रहेका छन उहांहरूलाई हामीहरूले सहयोग गर्नु पर्छ भनि सुझाव दिनु भयो।

IV) श्री पदम शाही, शाखाध्यक्ष चन्द्रबनी- यो महामारी कालमा केन्द्र तथा शाखाहरूमा बैठक गर्ने सम्भावना छैन अत: केन्द्र तथा शाखाको वार्षिक बैठक एक वर्ष अघि गर्ने उहांले सुझाव दिनु भयो।

V) श्री ईश्वर प्रसाद रेग्मी, शाखाध्यक्ष इन्द्रानगर- केन्द्र तथा शाखामा AGM अर्को आउने वर्षमा गर्ने समर्थन दिनु भयो।

VI) श्री शंकर थापा, शाखाध्यक्ष गढ़ी कैन्ट- हामीहरूको सभाको परिचय पत्र छ , अत: सबैले सधै आफ्नो संग राख्नु आवश्यक छ। हाम्रो भाषा हामी सबैले सदैव व्यवहार गर्नु पर्छ र यस प्रति अरूहरूलाई पनि प्रेरित गरि रहनु पर्छ। वर्तमान केन्द्र तथा शाखाका कार्यकारिणी हरूले समाजमा राम्रो कार्य गरि रहेको छ यसको लागि हामी सबै सदस्य तथा सभा आभारी छ भन्नु भयो।

VII) के. वाई.वी थापा, सांस्कृतिक सचिव- निर्माणाधीन प्रेरणा भवनमा हामी सबैले धेरै जानकारीहरू लगाउनु आवश्यक छ। सबै कार्यकारिणीहरू बाट सहयोगको अपेक्षा छ। प्रत्येक वर्षमा मनाईने हाम्रो चाडबाड 'हाम्रो दशै महोत्सव 2020' सूक्ष्मरूपमा आयोजन हुने भए पनि यस्को सफलताको निम्ति सबैको सहयोगको आशा राख्द छौं।

VIII) श्री मधुसूदन शर्मा, सचिव- भर्ती पूर्व प्रशिक्षणमा हामीहरूले सहयोग गर्ने तथा बच्चाहरूलाई नि:शुल्क प्रशिक्षण दिने सुझाव दिनु भयो।

IX) श्री विष्णु प्रसाद ढकाल, सहयोजित सदस्य- यस कोविड-19 कोरोना कालमा सभाको केन्द्रिय तथा शाखाध्यक्षहरूले असहायहरूमा खाद्यान्न वितरणमा उदाहरण दिएको छ सबै प्रति आभार छ। AGM गर्नेमा सम्भव नहुने भनि शाखाले पत्र पनि दिने। गोर्खाहरूको भर्तीमा वृद्धि हुनु पर्ने पत्र व्यवहार गरौ भनी उहांले सुझाव दिनु भयो।

**सूचनाहरू-**

I) श्री एम.एल. थापालाई भाड़ा घर खाली गराउन निम्ति सिटी मजिस्ट्रेटलाई पत्र पठाएको छ।

II) देहरादूनमा स्थित गोर्खा कल्याण निम्ती बनेका AIGEWA तथा अ.भा.गो.पू. सै. उज्जवल भविष्य कोष सामितिको विचमा असहयोग चली रहेको छ तथा कोर्ट केस वापिस लिनुको लागि दुवै संस्थालाई पत्र लेखी सहमती पत्र पठाएको छ।

III) बैंकलाई विद्युतभार चाहिने बावत उत्तराखण्ड विद्युत विभागलाई पत्र पठाएको छ।

VI) उप निबन्धक कार्यालयलाई केन्द्रको रजिस्ट्रेशन नविनीकरण निम्ति पत्र पठाएको छ।

V) CEO देहरादून केंटले पुरानो भवनको नक्शा मांगेको छ।

VI) नेपाली भाषालाई उत्तराखण्ड प्राइमरी शिक्षामा शामिल गर्नु निम्ती माननीय शिक्षामंत्री उत्तराखण्ड, केन्द्र सरकार तथा श्री टी.डी भुटिया राज्यमंत्री महोदयलाई सिफारिश पत्र पठाएको छ।

VII) आर्थिक सहायताहरूका धेरै वृद्धि भएको छ। अति दयनीय अवस्था भएकोमा शाखाहरूले आर्थिक सहायता निम्ती सिफारिश गर्ने हो तथापि यो महामारी कालमा हामी सहायता गर्दै गर्ने हो।

VIII) सिलाई तथा कम्प्युटर प्रशिक्षण वर्तमानमा बन्द छ तथा AIGEWA ले पनी शिक्षकहरूका वेतनमान बन्द गरेको छ। भविष्यमा स्थिति सामान्य भए हामी तुरंत प्रशिक्षण कार्य शुरू गर्ने भनि महामंत्रीज्यूले सूचना दिनु भयो।

IX) गोरखाहरूलाई उत्तराखण्ड पुलिसमा ऊंचाई छूट दिन पर्छ भनि सिफारिश माननीय राज्यमंत्री श्री टी.डी. भुटियाज्यूलाई सहयोगको निम्ति पत्र पठाएको छ।

X) श्री एम.एल. थापाज्यू द्वारा सभामा घरको किराया नियमित रूपले दिनु भएको छैन तथा वहाँले घर खाली गर्नुमा सहयोग गर्नु भएको छैन भनी सभामा जानकारी दिनु भयो।

XI) महामंत्रीज्यूले गोर्खा ट्रेनिंग सेन्टरमा हुने भर्ती बारे सभामा सूचना प्रस्तुत गर्नु भयो।

माननीय अध्यक्षज्यूको वक्तव्य- अध्यक्षज्यूले सभामा उपस्थित सबै महानुभावहरूलाई अंतरंग सभामा शामिल भएकोमा आभार व्यक्त गर्नु भयो। यस कोरोना कालमा वार्षिक बैठक सम्भावना नभएकोमा वर्ष 2020 को AGM जुलाई 2021 मा गर्ने भनी भन्नु भयो र सभाले सम्पुष्टि दियो। धेरै पूर्वमा भएको आर्थिक विसंगतिलाई 4300/-रु. सभा कोषमा जमा गर्ने उपनिबन्धकले आदेश गरेको थियो। वर्तमान कार्यकारिणी तथा सदस्य हरूले यो क्षतिपूर्ति गरि समाधान गरेको छ। शाखाहरूले विगत माह सभा द्वारा प्रदान गरेको खाद्यान्न वितरण शाखाहरूको प्रयासले सफल पारेको छ। अन्य संघ-संस्थाहरूले पनि समानान्तर सेवा कार्य गरि रहेको छ हाम्रो समुदायले यो ठूलो कार्य गरेर देखाएको छ। पूर्व महामंत्री स्व. हुकुम सिंह थापाज्यूको परिवारमा शिष्टाचार भेंट गरि सम्भव सहयोग गर्ने छौं तथा केहि गुनासो भएकोमा हामी मिलेर निष्पादन गर्ने छौं भनी अध्यक्षज्यूले आश्वासन दिनु भएको छ। सभाका सदस्यहरूले महामारी कालमा समुदायको गरीब परिवारलाई सहयोग गरेको थियो तर कुनै पनि प्रसाशन, संस्थाहरूले कोरोना योद्धा भनेर प्रशस्ति पत्र दिएको छैन जो दु:खको विषय हो। तर हामीहरूले यसै प्रकार संधै सहयोग गरि रहने छौं। समुदायको 11 जातिहरूलाई अनुसूचित जन जातिका शामिल गर्नु आयोग बसेको छ हामीले पनि सभामा विभिन्न संघ सदस्य तथा उपजातिका वरिष्ठ अधिकारी र पूर्व सैन्य जनरलहरूको बैठक आवहान् गरेको थियो सबैले एकमत भई हामी ओबीसी दर्जामा छौं अरू विभाजन नगर्ने तथा यथा सम्भव बाहुन र क्षेत्रीहरूलाई पनि केन्द्रमा ओबीसी दर्जामा गाभ्ने भन्नु भयो अनि सभाले पत्र पठाउने छ। आउने दशहरा महोत्सव 'हाम्रो दशैं' लाई यो वर्ष सूक्ष्म रूपले गर्ने अध्यक्षज्यूले भन्नु भयो। उपनिबन्धक कार्यालयले 2016 को नियमावलीलाई पूर्वमा संस्तुति दिएको थियो तर वर्तमानपनि पुन: आश्वस्त गरि दिएको छ यो संविधान सर्वमान्य हुने छ भनि अध्यक्षज्यूले भन्नु भयो।

अंतमा उपस्थित सबै शाखाध्यक्ष, कार्यकारिणी तथा अन्य महानुभावहरूलाई अंतरंग सभामा सहयोग तथा सौहार्द वातावरण तथा बुन्दाहरूको छल-फल र सम्पुष्टि निम्ती धन्यवाद टक्राउनु भयो र अध्यक्षज्यूले अंतरंग सभाको समापन घोषणा गर्नु भयो।

# SPECIAL SCHOLORSHIP FOR YEAR : 2018-2019 BY DONORS

| S/No. | Donor Name (Donated for Scholarship) A Group | Name of Students | Class & Board | Pass % | Remark |
|---|---|---|---|---|---|
| 1. | Sh. Gopal Singh Gurung (Balpa Devi) Rs. 20,000/- | 1. Riya Joshi D/o DP Joshi, Chhiderwala | X (UK) | 89% | |
| | Late. Shiv Singh Bhandari (Anil Jamuna Bhandari) Rs. 51,000/- | 2. Sajal S/o Hemant Pun, Raiwala | V (UK) | 72% | |
| | Late. Birbal Shah (Sh. Vijay Kumar) Rs. 10,000/- | 1. Shubham Rana S/o Suraj Rana Shyampur | X (CBSE) | 94% | |
| | Dr. Bharat Singh Gurung (Sh. Manish Gurung) Rs. 20,000/- | | | | |
| | Late. Shanti Ghale (Sh. Satya Sagar Ghale) Rs. 20,000 | | | | |
| | Late. H.S. Thapa (Sh. Amar Parmila Thapa) Rs. 20,000/- | | | | |
| 2. | **B Group** | | | | |
| | Smt. Bhawani Devi Gurung (Late. Govind Psd Gurung) Rs. 30,000/- | 1. Janvi Rana D/o Vishal Rana, Clement Town | XII (CBSE) | 69% | |
| | Late. Sushila Gurung (H/Capt. Bishan Bdr Gurung) Rs. 60,000/- | 2. Yogita Rana D/o Mahendra Rana, Clement Town | VIII (UK) | 64% | |
| | Smt. Bimla Devi & Late. Bhagwan Singh Thapa (Late. Pahal Singh Chhetri Thapa) Rs. 40,000/- | | | | |
| 3. | Sh. Dev Psd Gurung (Late. P.B. Gurung & Late. Jasmati Gurung) Rs. 10,000/- **For Sr. Citizen** | | | | |
| 4. | Luxmi Narayan (Late. Bhagwan Singh Thapa & Jog Maya Thapa) Rs. 15,000/- **Out Standing Sport Person National/International)** | Vansh S/o Sunil Basnet, Chandrabani (International Football) | | | |

| S/ No | Donated By | Name of Students | Class | Pass % | Remark |
|---|---|---|---|---|---|
| 1. | Sh. Ganga Chetan (Sh. Chetan Karki) Rs. 1,00000/- | 1. Anuskha Thapa D/o Navin Thapa Shyampur | V CBSE | 97% | |
| | | 2. Anusha D/o Khem Bdr Burathoki, Telpura | VIII CBSE | 89% | |
| 2. | Major Late. T.B. Rana (Smt. Bishnu Maya Rana) Rs. 50,000/- | 1. Mayank Rai S/o Bal Kumar Rai, Jakhan | X CBSE | 75% | |
| 3. | Smt. Shiv Kala Gurung (Sh. Raj Bdr Gurung) Kathmandu Rs. 1,00,101/- | 1. Upasana Chhetri D/o C.B. Chhetri, Doiwala | BSC (Nursing) | 67% | |
| 4. | Capt Late. Dilip Khattri (Col (Retd) M.S. Khattri) Rs. 3,00000/- | 1. Sudhansu Thapa S/o Rajender Thapa, Chhiderwala | VI CBSE | 81% | |
| | | 2. Shikha Burathoki D/o Sachin Burathoki, Telpura | VI CBSE | 91% | |
| | | 3. Kritika Giri D/o Kal Bahadur Giri, Jakhan | VII CBSE | 91/% | |
| | | 4. Kalpana D/o Tek Bdr Chhetri, Barotiwala | VII CBSE | 72% | |
| | | 5. Karan Thapa S/o Thumb Bdr Thapa, Raipur | X UK | | |
| | | 6. Sanjivani Thapa D/o Suraj Thapa, Shyampur | X CBSE | 85% | |
| 5. | Swami Kailasanand Saraswati (Freedom fighter) (Sh. Anil Jamuna Bhandari) Rs. 1,15,000/- | 1. Sonali Khattri D/o Janak Khattri, Bhagwanpur | IX CBSE | 77% | |
| | | 2. Himani Thapa D/o Tula Thapa, Telpura | VII CBSE | 92% | |
| 6. | Late. Narayan Gurung F/o (Lt Col (Retd) Deepak Gurung) Rs. 50,000/- | 1. Simran Rana D/o Prem Rana, Burathoki, Barotiwala | XI CBSE | 55%@ Special Case | |
| 7. | Late. Ramkali Gurung M/o (H/Capt Tej Bdr Gurung) Rs. 50,000/- | 1. Aanshu Thapa D/o Karamveer Thapa, Barotiwala | X CBSE | 62% Special Case | |
| 8. | Garhi Shakha (Sh. Shankar Thapa (Shakha-President) Rs. 50,000/- | 1. Rishita D/o Mahesh Thapa Garhi | X ICSE | 75% | |
| 9. | Smt. Geeta Raj Kamal Bisht M/o (Late. Aditya Sagar Bisht) Rs. 51,000/- | 1. Akansha D/o Dharamveer Thapa, Barotiwala | VII CBSE | 91% | |
| 10. | Late. Lila Rana M/o (Smt. Beena Thapa) RS. 50,000/- | 1. Kausal Sharma S/o Madhusudan, Garhi | X CBSE | 76% | |
| 11. | Late. Nandi Devi M/o (Sh. Ranjeet Singh Thapa) Rs. 1,50,000/- | 1. Shristi Thapa D/o Rajan Thapa, Garhi | X UK | 80% | |
| | | 2. Sonali D/o Shyam Sharma, Garhi | BA II Yrs | 73% | |
| 12. | Smt. Meena Mohan Chhetri (Sh. Mohan Chhetri) Rs. 51,000/- | 1. Suchita Thapa S/o Rajesh Thapa, Rajpur | BSC I Yrs | 89% | |

| | | | | | |
|---|---|---|---|---|---|
| 1. | Late. Shamsher Hamal Father in-low (Dr. Savitri Hamal) Rs. 1,11,111/- | 1. Urvashi Bohra D/o Amit Bohra | VII CBSE | 96% | |
| | | 2. Vaishnavi Chhetri D/o Arun Chhetri , Raipur | VI CBSE | A+ | |
| 2. | Late Rameshwar Pradhan Father (Dr. Savitri Hamal) Rs. 1,11,111/- | 1. Anjum Thapa D/o Deepak Thapa, Raiwala | VII CBSE | 94% | |
| | | 2. Sunchita Thapa D/o Man Bdr Thapa, Ramgarh | VIII CBSE | 97% | |
| 3. | Smt. Champawati Hamal M/o (Sh. Daljan Singh Hamal Rs. 6,00000/- | 1. Priya Thapa D/o Deepak Thapa, Telpura | VIII | 89% | |
| | | 2. Suhana D/o Dhan Bdr Mall, Chhiderwala | IX | 84% | |
| | | 3. Shanshakar Thapa S/o Subodh Thapa, Garhi-Dakra | XI | 97% | |
| | | 4. Harsh Chhetri S/o Mahendra Chhetri, Vikash Nagar | XII | 80% | |

# सभाको गतिविधि



देहरादून युवाहरूको योगदान
28वां भाषा मान्यता दिवस दिनांक
20 अगस्त 2020 को आयोजनमा
सराहनीय अनि प्रशंसनीय थियो।



हाम्रो दशै महोत्सवको उपलक्षमा
भेंट प्रदान गर्दै
श्री गणेशजोशीज्यू विधायक
अनि सभाका पदाधिकारीहरू



गोर्खाली सुधार सभाको तत्वाधानमा
आयोजित **Pre-Recruiting Tranning** मा शामिल युवाहरू
सित अध्यक्ष महोदयको केहि निर्देशन
र सुझावहरू।




'हाम्रो दशै महोत्सव' 23 अक्टूबर 2020 को आयोजनमा उपस्थित गोर्खाली सुधार सभाको पदाधिकारी तथा कोशेली संगीत ग्रुपका कलाकारहरू एक साथ।